# मध्यविन्दु नगरपालिका
# मध्यविन्दु नगर अस्पताल

☎ ०७८-४१००८२

मध्यविन्दु-७ चोरमारा, न.प. (ब.सु.पू.)
गण्डकी प्रदेश, नेपाल


प.सं. २०८३/०८४
च.नं.

मिति २०८३/०४/०५

विषयः मौजुदा सूचीमा सूचिकृतको लागि दर्ता आह्वान गरिएको सूचना ।

प्रस्तुत विषयमा यस अस्पतालको लागि आ.व. २०८३/०८४ मा मालसामान आपूर्ति, निर्माण, परामर्श सेवा तथा अन्य सेवा सम्बन्धि कार्य तथा सेवाहरु आपूर्ति गर्नका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ (संसोधन सहित) बमोजिम यस अस्पतालको मौजुदा सूचीमा दर्ता तथा अद्यावधिक हुन ईच्छुक व्यक्ति, फर्म, संस्था, कम्पनी, आपूर्तीकर्ता, निर्माण व्यावसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायक फर्म/संस्थाले तपसिलमा उल्लेखित कागजातहरुको प्रतिलिपि संलग्न गरी सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा यस अस्पतालमा निवेदन दर्ता गराउनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. आ.व. २०८१/०८२ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
४. व्यावसायिक इजाजत पत्रको प्रतिलिपि,
५. प्रचलित कानून बमोजिम अयोग्य नठहरिएको वा कालो सूचीमा नपरेको व्यहोरा फर्म वा कम्पनी वा संस्थाले स्वयं घोषणा गरी निवेदन दिनुपर्नेछ ।

२०८३/०४/०५

.....................
डा. अमरेश चन्द्र शाह
कार्यालय प्रमुख

पूनश्चः सार्वजनिक खरिद नियमावली २०६४ को अनुसूची २(क) बमोजिमको ढाँचामा पेश भएको निवेदनमात्र यस अस्पतालमा दर्ता गरिनेछ । अन्यथा कुनै पनि व्यक्ति, फर्म, संस्था, कम्पनी, निर्माण व्यावसायी, परामर्शदाता, गैर सरकारी संस्था वा सेवा प्रदायक फर्म/संस्था सूचिकृत गर्न यस अस्पताल बाध्य नहुने व्यहोरा जानकारी गराइन्छ ।